Intellectual Journal of Academic Research
Volume 03, Issue 01, 2025. pp. 1–9
Editorial Article
DoI: https://doi.org/10.3126/ijar.v3i1.83619

नेपालको वित्तीय र लेखा रिपोर्टिङमा रूपान्तरणको आवश्यकता

शिला मिश्र

सदस्य, मधेश प्रदेश नीति तथा योजना आयोग

लेखसार

नेपाल दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर अघि बढिरहेको छ। समावेशी र समृद समाज निर्माण गर्दै प्रविधिमा प्रतिस्पर्धात्मक बन्ने ऐतिहासिक मोडमा उभिएको छ। दिगो विकासका लक्ष्यहरू हासिल गर्न गरिबी र भोकमरी अन्त्य, शिक्षा र स्वास्थ्य सुधार, लैङ्गिक समानता, वातावरण संरक्षण, आर्थिक वृद्धि र न्यायसङ्गत समाज निर्माणमा प्रतिबद्धता जनाएको छ। यस्ता लक्ष्य हासिल गर्न तथ्यमा आधारित नीति निर्माणको अभ्यास अवलम्बन गर्नु आवश्यक छ। तथ्यमा आधारित नीति निर्माण भनेको नीति तयार गर्दा अनुमान वा अटकलमा निर्भर नभई, तथ्याङ्क, अनुसन्धान र वैज्ञानिक विश्लेषणलाई आधार बनाएर निर्णय गर्ने प्रक्रिया हो। नीति निर्माण तब मात्र प्रभावकारी र दिगो हुन्छ जब यसले तथ्य, अनुसन्धान र वैज्ञानिक विश्लेषणको आधारलाई समेट्दछ। हाल नेपाल सरकारले आर्थिक वृद्धि, डिजिटलीकरण, ऊर्जा सुरक्षाजस्ता क्षेत्रलाई प्राथमिकतामा राखेको छ। वैदेशिक लगानी आकर्षित गर्नु, कर प्रणालीमा सुधार गर्नु र नागरिकका लागि सार्वजनिक सेवामा पारदर्शिता सुनिश्चित गर्नु आजका मुख्य चुनौति रहेका छन्। साथै दिगो विकासका लक्ष्यहरू हासिल गर्न डिजिटलाइजेसनको प्रभावकारी प्रयोग अपरिहार्य छ, तर यसलाई पारम्परिक नीति, कानुनी संरचना र सामाजिक आवश्यकतासँग सन्तुलन मिलाएर अघि बढाउनु आवश्यक छ। यस सम्पादकीयले वर्तमान वित्तीय प्रतिवेदनको कमजोरी, डिजिटलाइजेसनको अवसर र चुनौती, तथा दिगो विकास लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति र सुधारका उपायहरूको मिहिन रूपमा विश्लेषण र समीक्षा गर्ने प्रयास गरिएको छ।

मुख्य शब्दावली : पर्यावरण, सुशासन, अन्तर्राष्ट्रिय अभ्यास, अन्तराष्ट्रिय वित्तीय प्रतिवेदन मापदण्ड, कार्यान्वयन, निगमीय प्रतिवेदन, कृतिम बुद्धिमता

Article Info

Shila Mishra, PhD
Editor-in-Chief

Email
mishrashila526@gmail.com

Cite
Mishra, S. (2025). नेपालको वित्तीय र लेखा रिपोर्टिङमा रूपान्तरणको आवश्यकता, *Intellectual Journal of Academic Research* (*IJAR*), *3*(1), 1–9. https://doi.org/10.3126/ijar.v3i1.83619

विषय परिचय

सुस्ती, मन्दी र समृद्धिको चक्रिय प्रक्रिया नै विश्वव्यापी अर्थशास्त्रीय मान्यता हो। यही मान्यताको जगमा टेकेर नै हरेक राज्यको वित्तीय प्रणाली गतिशील बनेको हुन्छ। सबल वित्तीय प्रणाली विकासमा पारदर्शी तथा वैज्ञानिक लेखा प्रणाली र रिपोटिङको आवश्यकता रहन्छ। नेपालको वित्तीय र लेखा रिपोर्टिङलाई पनि आधुनिक बनाउन यसको रूपान्तरण हुनु जरूरी छ।

प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, स्वच्छ ऊर्जा प्रवर्द्धनर जलवायु परिवर्तनको असर न्यूनीकरणमा सहयोग गर्दै कर्मचारी, स्थानीय समुदाय, वातावरण र अन्य सरोकारवालाहरूको हितमा काम गर्न अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न र वैदेशिक लगानी आकर्षित गर्न विश्वव्यापी रूपमा (Environment, Social, Governance-ESG) रिपोर्टिङले भूमिका खेलेको छ। COP २६ लगायत अन्तर्राष्ट्रिय सम्मेलनहरू र संयुक्त राष्ट्रसंघको दिगो विकास

Copyright (c) 2025: Author (s). Published by Myanglung Multiple Campus

सम्बन्धी निरन्तर संवादले ESG अभ्यासलाई विश्वव्यापी प्राथमिकता राखेको छ। नेपालले पनि सन् २०३० सम्मका लागि दिगो विकासका लक्ष्यहरू (SDGs) मा प्रतिबद्धता जनाएको छ, जसलाई कार्यान्वयन गर्न ठोस नीति, जवाफदेहिता र पारदर्शिता आवश्यक छ।

तालिका नं १

समीक्षात्मक तालिका

स्रोत	निश्कर्ष	अनुसन्धान पद्धत्ति	सिफारिसहरू	प्रभाव
ESG impact on performance of US S & P 500-listed firms (Alareeni & Hamdan, 2020)	ESG प्रदर्शन र कम्पनीको आर्थिक प्रदर्शनमा सकारात्मक सम्बन्ध। पर्यावरण, सामाजिक र प्रशासनिक सुधारहरूले कम्पनीको दीर्घकालीन महत्त्व बढाउँछ।	मात्रात्मक विश्लेषण, S & P ५०० कम्पनीहरूको वित्तीय र ESG डेटा विश्लेषण।	कम्पनीहरूले ESG मा लगानी गरी दीर्घकालीन सफलता सुनिश्चित गर्न।	नेपालमा वित्तीय बजारको स्थापनामा ESG नीति लागु भए दीर्घकालीन लगानी र दिगो विकासमा मद्दत पुर्याउन सक्छ। सरकारी नियमन र संस्थागत लगानीकर्ताहरूले यसमा ध्यान दिनु आवश्यक छ।
Influence of ESG Disclosure on Firm Financial Performance (Almeyda & Darmansya, 2020)	ESG सङ्गठनको दीर्घकालीन रणनीतिक व्यवस्थापनको अभिन्न अङ्क हो। पारदर्शिता बढ्दा लगानीकर्ताको विश्वास र बजार प्रतिस्पर्धामा सुधार हुन्छ।	सर्वेक्षण र तथ्याङ्क विश्लेषण।	ESG रिपोर्टिङ सुधारेर बित्तीय विश्वसनियता र लगानी आकर्षण बढाउन।	नेपालको वित्तीय संस्थाहरूले ESG रिपोर्टिङ जारी गर्ने प्रक्रियालाई मजबुत पारेर लगानी प्रतिबद्धता र पारदर्शिता वृद्धि गर्न सक्छन्।
Impact of ESG performance on firm value and profitability (Aydoğmuş et al, 2022)	ESG प्रवर्द्धनले कम्पनीको मूल्य र नाफामा सकारात्मक प्रभाव पुर्याउँछ। उच्च ESG स्कोर भएका कम्पनीहरूको बजार मूल्य र नाफा राम्रो हुन्छ।	वित्तीय विवरण र ESG डाटाको मात्रात्मक विश्लेषण।	ESG रणनीतिहरू विकास गरी कम्पनीको दीर्घकालीन आर्थिक स्थिरता सुनिश्चित गर्न।	नेपालका कम्पनीहरूले ESG मापदण्डहरू अपनाएर विश्वव्यापी मापदण्डहरूमा प्रतिस्पर्धात्मक बनाउन सहयोग पुग्छ। खासगरी हरित ऊर्जा र सामाजिक उत्तरदायित्वमा जोड दिन सकिन्छ।
IFRS vs. GAAP Differences and Impact on Reporting (Celestin & Mishra, 2025)	लेखान मानकहरू फरक हुँदा वित्तीय रिपोर्टिङमा भिन्नता आउँछ, जसले अन्तर्राष्ट्रिय लगानी र निर्णय प्रक्रियामा प्रभाव पार्छ।	समीक्षा र तुलना विश्लेषण।	नेपालको सञ्चारिक लेखान मानकहरू अन्तर्राष्ट्रिय स्तरसँग मेल खाने बनाउने।	नेपालमा वित्तीय पारदर्शिता र अन्तर्राष्ट्रिय लगानीकर्ताको विश्वास बढाउन IFRS व्यवस्थापन गर्न महत्त्वपूर्ण छ।

स्रोत	निश्कर्ष	अनुसन्धान पद्धति	सिफारिसहरू	प्रभाव
Data Analytics in Forensic Accounting (Celestin & Mishra, 2025)	तथ्याङ्क विश्लेषणले वित्तीय छली पत्ता लगाउन क्रान्तिकारी भूमिका खेल्छ।	घटना अध्ययन र प्राविधिक विश्लेषण।	डिजिटल उपकरणहरूलाई लेखा अनुगमन र छली नियन्त्रणमा प्रवर्द्धन गर्ने।	नेपालको लेखा प्रणालीमा तथ्याङ्क विश्लेषणको प्रयोग बढाउनाले वित्तीय अनियमितता न्यूनीकरण हुनेछ। सरकारी र निजी क्षेत्रले यसमा ध्यान दिन आवश्यक छ।
Digital Transformation of Financial Disclosure (Celestin & Mishra, 2025)	नयाँ प्रविधिहरूले वित्तीय सूचनाको पारदर्शिता र लगानीकर्तामा विश्वास वृद्धि गरिरहेको छ।	प्राविधिक समीक्षा र घटना विश्लेषण।	कम्पनीहरूले डिजिटल वित्त रिपोर्टिङ अपनाएर बजार प्रतिस्पर्धा र लगानीकर्ता सम्बृद्धि गर्नुपर्ने।	नेपाल सरकार र कम्पनीहरूले डिजिटल वित्तीय रिपोर्टिङलाई प्राथमिकता दिनु आवश्यक छ, यसले लगानी र पारदर्शिता बढाउनेछ।
Real–Time Financial Reporting in the Digital Age (Celestin et al ., 2025)	वास्तविक समय वित्तीय रिपोर्टिङले निर्णय प्रक्रियामा सुधार ल्याउँछ र लगानीकर्ताको हितमा काम गर्छ।	प्राविधिक समीक्षा।	वित्तीय रिपोर्टिङका लागि नवीन प्रणालीहरू स्थापना गर्ने।	नेपालको वित्तीय बजारमा छिटो र तथ्यात्मक जानकारी प्रदान गर्ने प्रणाली विकास गर्नु आवश्यक छ जसले लगानीकर्ता र बजार दुबैलाई सहयोग गर्नेछ।
Basic Psychological Need Satisfaction and Motivation (Chen et al ., 2015)	चार देशका विभिन्न संस्कृतिमा आधारभूत मानसिक आवश्यकताको पूर्ति र त्यसको प्रभाव भिन्न हुन्छ।	सर्वेक्षण र साङ्ख्यिकीय विश्लेषण।	नेपालमा विद्यार्थी प्रेरणा बढाउन सांस्कृतिक उपयुक्त शिक्षण विधि विकास गर्ने।	नेपाली सन्दर्भमा विद्यार्थीको प्रेरणा र मनोवैज्ञानिक आवश्यकतालाई सम्बोधन गरी शिक्षण कार्य सुधार गर्न सकिन्छ।
Global Long–Term Analysis of ESG Investing (Dorfleitner et al ., 2013)	समयसँगै ESG मा लगानीले वित्तीय लाभमा सुधार ल्याउँछ।	दीर्घकालीन वित्तीय तथ्याङ्कको विश्लेषण।	ESG निवेशमा दीर्घकालीन दृष्टिकोण अपनाउन।	नेपालमा पनि डिजाईन गरिएको लगानी कार्यक्रममा ESG तत्वहरूलाई समावेश गरी दीर्घकालीन स्थिरता र लाभ सुनिश्चित गर्न सकिन्छ।

नेपालमा ESG को वर्तमान अवस्था र चुनौतीहरू

नेपालका सार्वजनिक कम्पनीहरूको ESG रिपोर्टिङ अवस्था कमजोर छ। (London Stock Exchange Group -LSEG) विधिबाट मापन गरिएको ESG डिस्क्लोजर प्राप्ताङ्क अनुसार अधिकांश कम्पनीहरूमा ESG स्कोरको स्पष्ट धाराण रहेको छैन। यसले यी कम्पनीहरूको ESG कार्यान्वयनमा पर्याप्त ध्यान दिएका छैनन् वा नगण्य मात्रामा काम गरिरहेको छ भन्ने देखाउँछ । अन्तर्राष्ट्रिय लगानीकर्ताहरू ESG रिपोर्टिङ र दिगो अभ्यासमा बढ्दो चासो देखाइरहेका छन्। यसको प्रयोगले नेपालमा लगानीको आकर्षणमा सकारात्मक प्रभाव पार्न सक्छ।

नेपाल राष्ट्र बैंकले २०१८ मा (Environmental and Social Risk Management -ESRM) Guideline लागू गरेर बैंक तथा वित्तीय संस्थाहरूलाई वातावरणीय जोखिम मूल्याङ्कनमा बाध्य बनाएको छ, जसले दिगो लगानी र उत्तरदायित्वमा टेवा पुर्‍याएको छ तथापि, ESG रिपोर्टिङ कम्पनीहरूको हकमा अझै ऐच्छिक छ र सबै कम्पनीमा लागू हुने स्पष्ट, एकीकृत तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको नीति बनेको भने छैन।

ESG प्राप्ताङ्क र वित्तीय अनुपातबीचको सम्बन्ध परीक्षण गर्दा महत्त्वपूर्ण सम्बन्ध देखिएको छैन । यसले हालसम्म कम्पनीहरूले ESG र वित्तीय प्रदर्शनबीचको सम्बन्ध बुझ्न सकेका छैनन् र तिनीहरूलाई ESG कार्यान्वयनका लागि कुनै ठोस प्रोत्साहन पनि गरेको छैन भन्ने देखाउँछ। RII र RHI Relative Importance Index र Relative Hindrance Index परीक्षण गर्दा कुनै पनि कम्पनीको ब्रान्ड भ्याल्यु बढ्ने सम्भावना रहन्छ।

सार्वजनिक कम्पनीहरू आफ्नो छवि र ब्रान्डप्रति संवेदनशील छन्। ESG स्कोर र रिपोर्टिङलाई प्रतिष्ठासँग जोड्न सकियो भने कम्पनीहरू ESG अपनाउनेतर्फ प्रेरित हुन सक्छन्। अन्य प्रेरक तत्वहरूमा दिगो विकास, सरकारी नियमन, पूँजीमा पहुँच र ESG रेटिङ नीति पर्छन् तर ESG विशेषज्ञताको अभाव, गुणस्तरीय तथ्याङ्कको अभाव, मापदण्डको अभाव, नियामक अस्पष्टता र छोटो अवधिको सोच हाम्रो सन्दर्भमा ESG कार्यान्वयनका मुख्य चुनौतिहरू रहेका छन्।



अन्तर्राष्ट्रिय अभ्यास र नेपालका लागि मार्गचित्र

युरोपेली संघ, अष्ट्रेलिया, क्यानडा, जापान, सिंगापुर लगायतका देशहरूले पहिले नै ESG रिपोर्टिङका लागि अनिवार्य मापदण्ड लागू गरिसकेका छन् । नेपालले पनि अन्तर्राष्ट्रिय मापदण्ड जस्तै; GRI, ग्लोबल रिपोर्टिङ इनिसिएटिभ र इन्टरनेसनल सस्टेबिलिटी स्टेन्डर्ड बोर्ड (ISSB) सँग मेल खाने एकीकृत नीति निर्माण गर्नुपर्छ । सुरुमा ठूला कम्पनीहरूलाई अनिवार्य ESG रिपोर्टिङको दायरा तोक्न सकिन्छ र विस्तारै सबै क्षेत्रमा लागू गर्न सकिन्छ । सरकार र नियामक निकायहरूले स्पष्ट नीति, प्रोत्साहन (जस्तै सहुलियत ऋण, अनुदान) र आवश्यक तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ।

IFRS कार्यान्वयन

नेपालले दिगो आर्थिक विकास, अन्तर्राष्ट्रिय लगानी आकर्षण र कर्पोरेट पारदर्शिता बढाउने लक्ष्य लिएको छ तर हालको लेखा प्रणालीले अन्तर्राष्ट्रिय लगानीकर्ताहरूको विश्वास जित्न नसकेको देखिन्छ । हालैको एक अध्ययनले अन्तर्राष्ट्रिय वित्तीय विवरण मानक IFRS (International Financial Reporting Standards) र सामान्यतः स्वीकृत लेखा सिद्धान्त (GAAP) Generally AcceptedAccounting Principles बीचको भिन्नताले वित्तीय पारदर्शिता, लगानी प्रवाह र कर्पोरेट रणनीतिमा गहिरो प्रभाव पार्ने देखाएको छ । IFRS अपनाउने देशमा वित्तीय पारदर्शिता ९५ प्रतिशत पुगेको छ भने GAAP मा ८९ प्रतिशत मात्र छ। लगानी निर्णयमा IFRS ९३ प्रतिशत प्रभावकारी देखिएको छ भने GAAP मा ८८ प्रतिशत मात्र रहेको छ। क्रस–बोर्डर लगानी पनि IFRS अपनाउने देशमा ४३२० अर्ब पुगेको छ यस्तै GAAP मा ४२७० अर्ब मात्र रहेको छ।

नेपालले (NFRS -Nepal Financial Reporting Standards IFRS) मा आधारित नीति ल्याए पनि यसको पूर्ण कार्यान्वयन भएको देखिदैन् । एक अध्ययन अनुसार IFRS अपनाउने देशमा औसत ४७.१४ अर्ब वैदेशिक लगानी थप आकर्षित भएको छ। बहुराष्ट्रिय कम्पनीहरूको रणनीति सुधारिएको छ, लगानीकर्ताको विश्वास बढेको छ र वित्तीय विवरण विश्वसनीय बनेको छ । IFRS कार्यान्वयनले नेपालको वित्तीय प्रणालीलाई विश्वस्तरीय बनाउने, लगानीकर्ता आकर्षण बढाउने र दिगो आर्थिक विकासमा टेवा पुऱ्याउनेछ। अब नेपालले ढिलाइ नगरी IFRS/NFRS को पूर्ण कार्यान्वयन र निगरानीमा जोड दिन जरुरी छ।

कर्पोरेट रिपोर्टिङ

कर्पोरेट अथवा व्यवसायहरूले समाज उपभोक्तालाई आफ्नो अवस्था बुझाउन र कुनै खास विषयमा स्पष्ट पार्न गर्ने प्रयास नै कर्पोरेट रिपोर्टिङ हो । कर्पोरेट रिपोर्टिङ विगतका वर्षहरूमा उल्लेखनीय रूपमा विकसित भएको छ, जुन पारदर्शिता, जवाफदेहिता र दिगोपनसम्बन्धी बढ्दो मागहरूले प्रेरित गरेको हो । परम्परागत रूपमा वित्तीय प्रतिवेदनहरू मुख्य रूपमा नाफा र वित्तीय स्थिरतामा केन्द्रित हुन्थे तर पछिल्ला वर्षहरूमा आफ्नो भ्याल्यु क्रिएसनमा केन्द्रित भएको छ । आफ्नो भ्याल्यु क्रिएसनमा केन्ऽित भएको छ। उसले आफ्नो समग्र मूल्याङ्कन गरेर पब्लिकलाई देखाउने प्रयास गर्न थालेको छ । सन् २०२४ मा गरिएको एक सर्वेक्षणले विश्वभरका ७० प्रतिशत कम्पनीहरूले एकीकृत रिपोर्टिङ (Integrated Reporting, IR) अपनाइसकेका छन्, जुन २०२० मा ५२.५ प्रतिशत मात्र थियो' भन्ने देखाएको छ। यो परिवर्तन मुख्य रूपमा नियामक परिवर्तन, लगानीकर्ताको अपेक्षा र वित्तीय प्रदर्शन मात्रैले कर्पोरेटमा दिगोपन तथा दीर्घकालीन मूल्य सिर्जनाको पूर्ण तस्वीर दिँदैन भन्ने प्रस्ट हुन्छ।

एकीकृत रिपोर्टिङले वित्तीय तथा गैर–वित्तीय सूचकहरू समेट्छ, जसले संस्थाको दिगोपन र आर्थिक प्रदर्शनको समग्र दृष्टिकोण प्रदान गर्छ । यस फ्रेमवर्कले वातावरणीय, सामाजिक र प्रशासनिक (ESG) पक्षहरूलाई परम्परागत वित्तीय रिपोर्टिङमा समावेश गरी कर्पोरेट जवाफदेहितासमेत बढाउँछ।

KPMG (२०२३) को अध्ययन अनुसार, एकीकृत रिपोर्टिङ अपनाउने कम्पनीहरूले लगानीकर्ताको विश्वासमा औसत १५ प्रतिशत वृद्धि र जोखिम व्यवस्थापन दक्षतामा २० प्रतिशत सुधार अनुभव गरेका छन् । साथै (International Integrated Reporting Council -IIRC) जस्ता नियामक निकायहरूले एकीकृत रिपोर्टिङलाई मापदण्डमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन्, जसले यसलाई विभिन्न उद्योगहरूमा सहज रूपमा अपनाउन मद्दत गरेको छ ।यद्यपि यसको लोकप्रियता बढ्दो छ, एकीकृत

रिपोर्टिङ अझै कार्यान्वयन, निरन्तरता, र मापदण्डीकरण सम्बन्धी चुनौतीहरूको सामना गरिरहेको छ। कम्पनीहरूले IR सिद्धान्तलाई विद्यमान वित्तीय रिपोर्टिङ संरचनासँग मिलाउन संघर्ष गर्छन् र सामाजिक तथा वातावरणीय प्रदर्शनको मात्रात्मक मूल्याङ्कन अझै ठूलो चुनौती रहन्छ। यससम्बद्ध अनुसन्धानले ४० प्रतिशत व्यवसायहरूले मापदण्डीकृत ESG मापन उपकरणको अभावलाई मुख्य अवरोधको रूपमा उल्लेख गरेको छ। यस अध्ययनले २०२० देखि २०२४ सम्मको एकीकृत रिपोर्टिङको विकासलाई अन्वेषण गर्दै यसको कर्पोरेट पारदर्शिता, वित्तीय निर्णय–निर्माण र दिगोपन मूल्याङ्कनमा पार्ने प्रभावको विश्लेषण गर्छ। यसमा दिगोपन प्रवर्द्धन, कार्बन फुटप्रिन्ट मूल्याङ्कन, कर्मचारी कल्याणर नैतिक व्यापार अभ्यास समावेश हुन्छन्। कम्पनीहरूले सामाजिक रूपमा जिम्मेवार लगानीकर्ता आकर्षित गर्न र आफ्नो छवि सुधार गर्न यो मोडेल अपनाउँछन्। मूल्य सिर्जना केन्द्रित रिपोर्टिङले कम्पनीले समयसँगै कसरी मूल्य सिर्जना गर्छ भन्नेमा जोड दिनुका साथै वित्तीय र गैर–वित्तीय सूचकहरूलाई एकीकृत गर्छ। यसले व्यापार रणनीति र दीर्घकालीन आर्थिक, सामाजिक, वातावरणीय प्रभावलाई जोड्दछ भने सरोकारवाला–केन्द्रित एकीकृत रिपोर्टिङले कर्मचारी, ग्राहक, नियामक र लगानीकर्ता जस्ता विभिन्न सरोकारवालाको चासो सम्बोधन गरेर पारदर्शिता र जवाफदेहिता प्राथमिकता दिन्छ। यसले कर्पोरेट सामाजिक उत्तरदायित्व र प्रशासनिक अभ्यासमा अन्तर्दृष्टि दिन्छ। त्यस्तै प्रविधि–सम्बर्द्धित एकीकृत रिपोर्टिङले AI र ब्लकचेन जस्ता डिजिटल उपकरणको प्रयोग गरेरवास्तविक समय डेटा विश्लेषण, ठगी पहिचान र नियामक निगरानीमा सुधार ल्याई शुद्धता, कार्यक्षमतार नियम पालनालाईजोड दिन्छ।

एकीकृत रिपोर्टिङको वर्तमान अवस्था

एकीकृत रिपोर्टिङसम्बन्धी अध्ययनले कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence, AI) ले कर चोरी कम गरी कर अनुपालनलाई उल्लेखनीय रूपमा सुधार गरी राजस्व सङ्कलनमा वृद्धि गरेको तथ्यलाई देखाउँदछ। तथ्याङ्कीय विश्लेषण रिग्रेसन मोडेलहरू र ANOVA ले पनि AI को प्रयोगले कर ठगी पहिचानमा वृद्धि, उच्च राजस्व उत्पादनर कर अडिटमा दक्षता बढाएको देखाएका छन्। AI सञ्चालित कर अनुपालन प्रणालीहरूको प्रभाव सन् २०२१ मा २० अर्ब डलरबाट २०२४ सम्ममा १२० अर्ब डलरको प्रगतिशील राजस्व वृद्धिमा स्पष्ट देखिन्छसाथै ठगी पहिचान दर २०२४ सम्म ५५ प्रतिशत सम्म पुगेको तथ्य भेटिन्छ। यी परिणामहरूले आधुनिक कर प्रशासनलाई रूपान्तरण गर्ने र वित्तीय पारदर्शिता सुनिश्चित गर्नAI को भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ।

AI सञ्चालित ठगी पहिचान उपकरणहरूले कर चोरी अत्यन्तै सटिक रूपमा पहिचान गर्न सक्ने क्षमता देखाएका छन्। AI सहायता प्राप्त अडिटहरूले पारम्परिक विधिहरूभन्दा ठगी पहिचान दरमा उल्लेखनीय सुधार ल्याएका छन्। विशाल डेटासेट विश्लेषण गर्ने र शङ्कास्पद वित्तीय लेनदेनहरू पहिचान गर्ने AI को क्षमताले अनुपालन अनुगमनलाई सुदृढ बनाउँछ र करसम्बन्धी ठगी घटाउँछ। यसरी AI सञ्चालित पूर्वानुमान मोडेलहरूले कर अधिकारीहरूलाई सम्भावित गैर–अनुपालन मामिलाहरूमा सक्रिय रूपमा हस्तक्षेप गर्न सक्षम बनाउँछन्, जसले समयमै कारबाही र प्रभावकारी प्रवर्तनका उपायहरू सुनिश्चित गर्छ।

कर राजस्व सङ्कलनमा AI को प्रभावकारितामा रिग्रेसन विश्लेषणले समर्थन गरेको छ, जसले AI मा लगानी र कर राजस्व वृद्धिबीच बलियो सम्बन्ध देखाउँछ। AI स्वचालनले कर अडिट प्रक्रियालाई सरल बनाउँछ, त्रुटिहरू कम गर्छ, र कर सङ्कलन प्रक्रियाहरूलाई अनुकूल बनाउँछ। AI सञ्चालित उपकरणहरूले अडिट अवधि ३० दिनबाट१५ दिनमा घटाएको र प्रति महिना प्रक्रिया गरिएका मामिलाहरूको संख्या १०० बाट २५० मा बढाएकोले कर अधिकारीहरूले सञ्चालन दक्षता बढाएको अनुभव गरेका छन्। यी निष्कर्षहरूले देखाउँछन् कि AI ले प्रशासनिक खर्च घटाउँदै राजस्व उत्पादन अधिकतम गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ।

AI को कर अनुपालनमा दक्षता हुँदाहुँदै पनि कार्यान्वयन लागत, डेटा गोपनीयतासम्बन्धी चिन्तार स्वचालन प्रतिरोध जस्ता चुनौतीहरू अझै बाँकी छन् तथापितथ्याङ्कीय विश्लेषणहरूले AI सहायता प्राप्त अडिटहरूले दक्षता, शुद्धता र ठगी पहिचानमा ल्याउने फाइदाहरूलाई उजागर गर्छन्। यी निष्कर्षहरूले कर अनुपालन र राजस्व व्यवस्थापन सुधार गर्न रणनीतिक AI अपनाउने आवश्यकतालाई जोड दिन्छन्।

वित्तीय विवरणमा कृत्रिम बुद्धिमत्ता (AI) आधारित स्वचालनको प्रभाव र अवसरहरू

- **शुद्धता (Accuracy)** MAI सञ्चालित वित्तीय विवरणले सन् २०२४ मा ९७ प्रतिशत शुद्धता हासिल गरेको छ, जुन परम्परागत म्यानुअल रिपोर्टिङको ७८ प्रतिशत भन्दा निकै बढी हो। यसले मानव त्रुटिहरू न्यूनीकरण गरी वित्तीय तथ्याङ्कको विश्वसनीयता सुनिश्चित गर्दछ।
- **दक्षता (Efficiency)**: रिपोर्ट तयार पार्ने समय ७२ घण्टाबाट घटेर ३० घण्टामा आएको छ, जसले वित्तीय पेशेवरहरूलाई रणनीतिक निर्णयमा केन्द्रित हुन मद्दत पुर्‍याउँछ।
- **नियामक अनुपालन (Compliance)** MAI सञ्चालित वित्तीय विवरणहरूले IFRS र GAAP जस्ता अन्तर्राष्ट्रिय वित्तीय रिपोर्टिङ मापदण्डहरूमा २०२० को ७८ प्रतिशत बाट २०२४ मा ९९ प्रतिशत अनुपालन दर प्राप्त गरेका छन् । यसले वित्तीय त्रुटि र नियामक सजायको जोखिम घटाउँछ।

यसरी फरेन्सिक लेखा मोडेलहरूको पूर्वानुमान शुद्धता उल्लेखनीय रूपमा सुधार भएको छ, जहाँ AI–सम्बर्धित मोडेलहरूले २०२४ सम्ममा ९० प्रतिशत शुद्धता हासिल गरेका छन् यद्यपि वित्तीय डेटा हेरफेर, नियामक असंगततार प्राविधिक सीमाहरूले व्यापक रूपमा अपनाउनमा बाधा पुर्‍याइरहेका छन् । AI सञ्चालित विश्लेषण लागू गरेर, नियामक निगरानी कडा पारेर र व्यावसायिक तालिममा लगानी गरेर संस्थाहरूले वित्तीय जोखिम पहिचानमा सुधार गर्न र कर्पोरेट असफलता कम गर्न सक्नेछन्।

नेपालले दिगो विकास, वैदेशिक लगानी आकर्षण र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अग्रणी भूमिका खेल्न पारदर्शी, जवाफदेही र आधुनिक लेखा प्रणाली अवलम्बन गर्नैपर्छ। हालको अवस्था, चुनौती र अन्तर्राष्ट्रिय अभ्यासलाई मध्यनजर गर्दैनिम्न चरणबद्ध सिफारिसहरू प्रस्तुत गरिन्छः

- NFRS (IFRS–आधारित) लाई कानूनी रूपमा सबै सार्वजनिक, बहुराष्ट्रिय तथा ठूला निजी कम्पनीमा अनिवार्य बनाउने,
- नेपाल लेखा परिषद्, नियामक निकाय र निजी क्षेत्रबीच समन्वय गरी कार्यान्वयनको स्पष्ट कार्ययोजना बनाउने,
- लेखा पेशेवर, नियामक, र कम्पनीहरूलाई IFRS/NFRS रिपोर्टिङ सम्बन्धी व्यापक तालिम कार्यक्रम सञ्चालन गर्ने,
- ESG (Environment, Social, Governance) रिपोर्टिङ ऐच्छिक होइन, अनिवार्य बनाउने नीति तत्काल ल्याउने,
- अन्तर्राष्ट्रिय मापदण्ड (GRI, ISSB) अनुसार ESG रिपोर्टिङ ढाँचा विकास गर्ने,
- ESG अपनाउने कम्पनीलाई सहुलियत ऋण, कर छुट, अनुदान वा अन्य प्रोत्साहन दिने नीति बनाउने,
- ESG को महत्त्व र कार्यान्वयनका लागि कम्पनी र सरोकारवालाबीच सचेतना अभिवृद्धि गर्ने,
- वित्तीय र गैर–वित्तीय पक्षलाई समेट्ने एकीकृत रिपोर्टिङ अपनाउने,
- ठूला कम्पनी र वित्तीय संस्थाबाट सुरु गरी क्रमशः अन्य क्षेत्रमा विस्तार गर्ने,
- एकीकृत रिपोर्टिङको प्रभावकारिता मूल्याङ्कन गर्दै सुधारका उपाय अपनाउने
- वित्तीय रिपोर्टिङ, कर अनुपालनर ठगी पहिचानमा AI र डिजिटल उपकरणको प्रयोग अनिवार्य बनाउने,
- AI प्रयोग गर्दा डेटा गोपनीयता, साइबर सुरक्षा र नैतिकता सुनिश्चित गर्ने कडा नीति बनाउने,
- डिजिटल लेखा प्रणाली, AI र साइबर सुरक्षामा पेशेवरहरूको क्षमता अभिवृद्धि गर्न तालिम कार्यक्रम सञ्चालन गर्ने,
- नियामक निकायहरूले IFRS/NFRS, ESG/AI आधारित रिपोर्टिङका लागि स्पष्ट निर्देशन र मापदण्ड जारी गर्ने,
- रिपोर्टिङको कार्यान्वयन अनुगमन गर्न स्वतन्त्र निगरानी संयन्त्र स्थापना गर्ने,

- रिपोर्टिङमा उत्कृष्टता देखाउने कम्पनीलाई प्रोत्साहन, लापरवाही गर्नेमा दण्डको व्यवस्था गर्ने,
- लेखा प्रणालीमा नवीनतम प्रविधि, ESG, र एकीकृत रिपोर्टिङका दीर्घकालीन प्रभावबारे अनुसन्धानलाई प्रोत्साहन गर्ने,
- अन्तर्राष्ट्रिय नियामक, विकास साझेदारर निजी क्षेत्रसँग सहकार्य गर्दै विश्वस्तरीय अभ्यास अवलम्बन गर्ने आदि।

निष्कर्ष

नेपालका नीति निर्माताहरूका लागि अब ढिलाइ गर्ने समय छैन। विश्वव्यापी रूपमा वित्तीय पारदर्शिता, दिगो विकास र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अग्रणी बन्न नेपालले आधुनिक वित्तीय र लेखा रिपोर्टिङ प्रणाली विशेष गरी AI आधारित स्वचालन, IFRS/NFRS, ESG तथा एकीकृत रिपोर्टिङ अवलम्बन गर्नैपर्छ।

AI प्रविधिको प्रयोगले वित्तीय विवरणमा शुद्धता, पारदर्शिता र नियामक अनुपालन अभूतपूर्व रूपमा बढाउने प्रमाणहरू प्रष्ट छन्। यसले कर प्रशासनमा ठगी पहिचान, राजस्व संकलन, र नीति निर्माणमा डेटा–आधारित निर्णयलाई सहज बनाउँछ। अन्तर्राष्ट्रिय अभ्यासले देखाएको छ। AI, ESG, र एकीकृत रिपोर्टिङ अपनाउने देशहरूमा लगानीकर्तामा विश्वास, वैदेशिक लगानीर दीर्घकालीन आर्थिक स्थायित्व उल्लेखनीय रूपमा बढेको छ।

नेपालमा ESG रिपोर्टिङ अझै ऐच्छिक छ, स्पष्ट नीति र मापदण्डको अभाव छ र कम्पनीहरूले ESG को महत्त्लाई पर्याप्त रूपमा आत्मसात् गरेका छैनन्। यदि हामीले दिगो विकास लक्ष्य (SDGs) हासिल गर्न, वातावरणीय संरक्षण, सामाजिक न्याय, र अन्तर्राष्ट्रिय लगानी आकर्षणमा सफलता चाहन्छौं भने ESG रिपोर्टिङ र मापदण्डलाई अनिवार्य बनाउने स्पष्ट नीति निर्माण अपरिहार्य छ।

नेपालको आर्थिक रूपान्तरण, पारदर्शितार दिगो विकासको सपना साकार पार्न यी सुधारहरू कार्यान्वयन गर्नुको विकल्प छैन। तपाईंको आजको निर्णयले करोडौं नेपालीको भविष्य निर्धारण गर्नेछ।

आउनुहोस्, प्रमाणमा–आधारित, पारदर्शीर समावेशी नीति निर्माणको यात्रा आजैबाट सुरु गरौं। यही नै समृद्ध, दिगो र प्रतिस्पर्धी नेपालको आधार हो।

सन्दर्भ सूची

Alareeni, B. A., & Hamdan, A. (2020). ESG impact on performance of US S&P 500-listed firms. *Corporate Governance: The International Journal of Business in Society, 20*(7), 1409–1428. https://doi.org/10.1108/CG-06-2020-0258

Almeyda, R., & Darmansya, A. (2019). The influence of environmental, social, and governance (ESG) disclosure on firm financial performance. *IPTEK Journal of Proceedings Series, 5*, https://doi.org/10.12962/j23546026.y2019i5.6340

Aydoğmuş, M., Gülay, G., & Ergun, K. (2022). Impact of ESG performance on firm value and profitability. *Borsa Istanbul Review*, *22*(Suppl. 1), S119–S127.

Celestin, M., & Mishra, A. K. (2025). IFRS vs. GAAP: How differences in accounting standards impact financial reporting, cross-border investments, and multinational decision-making. *Journal of Advanced Research in Quality Control & Management*, 26–42.

Celestin, M., & Mishra, A. K. (2025). How data analytics is revolutionizing forensic accounting investigations: A deep dive into fraud detection techniques. *Insight Journal of National Open College, 2*(1), 31–50. https://doi.org/10.5281/zenodo.15365611

Celestin, M., & Mishra, A. K. (2025). The digital transformation of financial disclosure: How emerging technologies are revolutionizing corporate transparency and investor trust. *Journal of Advanced Research in Operations and Market Management, 8*(1), 11–25.

Celestin, M., Mishra, S., & Mishra, A. K. (2025). Real-time financial reporting in the digital age: How companies are adapting to the growing demand for instantaneous financial insights. *Insight Journal of National Open College, 2*(1), 96–117. https://doi.org/10.5281/zenodo.15366124

Chen, B., Vansteenkiste, M., Beyers, W., Boone, L., Deci, E. L., Duriez, B., Lens, W., Matos, L., Mouratidis, A., Ryan, R. M., Sheldon, K. M., Soenens, B., Van Petegem, S., Van der Kaap-Deeder, J., & Verstuyf, J. (2015). Basic psychological need satisfaction, need frustration, and need strength across four cultures. *Motivation and Emotion*, 39(2), 216–236. https://doi.org/10.1007/s11031-014-9450-1

Dorfleitner, G., Utz, S., & Wimmer, M. (2013). Where and when does it pay to be good? A global long-term analysis of ESG investing. *SSRN Scholarly Paper, 2311281*. https://doi.org/10.2139/ssrn.2311281

Freihat, A. R. F. (2019). Factors affecting price to earnings ratio (P/E): Evidence from the emerging market. *Risk Governance and Control: Financial Markets and Institutions*, *9*(2), 47–56. https://doi.org/10.22495/rgcv9i2p4

Mbonigaba, & Mishra, A. K. (2025). The evolution of green bonds and sustainable finance in public sector budgeting and development projects. *Journal of Advanced Research in Humanities and Social Sciences, 12*(1), 7–17.

Mishra, A. K., Thakur, R. K., & Dhakal, S. (2024). The influence of environmental sustainability orientations on organizational performance: A review. *Journal of Productive Discourse, 2*(1), 121–136. https://doi.org/10.3126/prod.v2i1.65730